# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७] काठमाडौं, ज्येष्ठ १ गते २०२४ साल [ संख्या ५

श्री ५ को सरकार

गृह पञ्चायत–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको चन्दासम्बन्धी नियमावली, २०२४ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:–

### चन्दासम्बन्धी नियमावली, २०२४

प्रस्तावना:– अञ्चल वा जिल्लास्तरीय विकास, निर्माण वा सार्वजनिक कार्यहरू सुगमतापूर्वक सञ्चालन गर्ने निमित्त आर्थिक श्रोतको व्यवस्थाको लागि कुनै किसिमको करकाप वा डरत्रास वा त्यस्तो किसिमको वातावरण वा धारणा नफैलाई सर्वसाधारण जनतासित चन्दा असूल गर्ने सम्बन्धमा अञ्चलाधीश, सहायक–अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी वा अन्य सम्बन्धित अधिकारीको कर्तव्य र कार्यप्रणालि व्यवस्थित गर्न श्री ५ को सरकारले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यो नियमावलीको नाम चन्दासम्बन्धी नियमावली, २०२४ रहेको छ।



४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:–

(क) "सम्बन्धित अधिकारी" भन्नाले स्थानीय अञ्चलाधीश, शाखा तोकिएको सहायक–अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी वा श्री ५ को सरकारले नेपाल राजपत्रमा प्रकाशित सामान्य वा विशेष आदेशद्वारा तोकिदिएको कुनै अड्डाको मुख्य राजपत्रांकित निजामती कर्मचारी सम्झनु पर्छ,

(ख) "रकम" भन्नाले नगदी वा जिन्सी वा दुबैलाई जनाउँछ ।

३. चन्दा उठाउनमा प्रतिबन्ध:– (१) कुनै सरकारी अड्डा, कार्यालय वा कर्मचारीले चन्दा लिन वा उठाउन हुँदैन ।

तर कुनै खास क्षेत्रको विकास गर्न वा कुनै खास निर्माण कार्य सम्पन्न गर्न वा कुनै सार्वजनिक वा अर्धसरकारी काम चलाउन सर्वसाधारण जनता वा व्यापारिक वा व्यबसायिक संस्था वा कम्पनी वा कर्पोरेशनको सहयोग लिन उपयुक्त र आवश्यक देखिएमा सम्बन्धित अधिकारीले सो उद्देश्य पूर्ति गर्न चाहिने रकमको लागि उप–नियम (२),(३) र (४) का अधीनमा रही चन्दा उठाउन सक्नेछ ।

(२) उप–नियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुनै कामको लागि चन्दा उठाउनुपरेमा सम्बन्धित अधिकारीले चन्दा उठाउनुपर्ने कारण, उद्देश्य, लाग्ने खर्च, योजना इत्यादि कुराहरूको संक्षिप्त विवरण र सम्बन्धित स्थानीय पञ्चायत-संग औपचारिक रूपमा विचार बिमर्श गरी त्यसको पूर्ण विवरण खोली सम्बन्धित अञ्चलाधीश मार्फत श्री ५ को सरकारको पूर्व स्वीकृतिका लागि गृह-पञ्चायत मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्छ र श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त नभएसम्म कुनै प्रकारले चन्दा उठाउन हुँदैन ।

(३) यस नियमबमोजिम चन्दा उठाउँदा कसैलाई कुनै किसिमको करकापमा पार्न वा डर त्रास देखाउन त्यस्तो किसिमको वातावरणको श्रृजना गर्न वा धारणा फैलाउन हुँदैन । चन्दादाताले इच्छानुसार दिएको रकमजति मात्र चन्दा स्वरूप लिन हुन्छ ।

(४) यस नियमबमोजिम चन्दा उठाउँदा नियम ४ बमोजिम रसीदको आधा-रमा मात्र उठाउनु पर्छ ।

(५) यो नियमावली, प्रारम्भ हुनुभन्दा अघि उप–नियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएबमोजिमको उद्देश्य लिई उठाइएका चन्दाहरू पनि यो नियमहरूबमोजिम उठाइएको मानिने छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. चन्दा रसीदः– यस नियमावलीबमोजिम चन्दा उठाउँदा देहायबमोजिम चन्दा रसीद छपाई सो रसीदका आधारमा मात्र चन्दा उठाउनु पर्छः–

(क) चन्दा रसीदमा सो रसीद छाप्ने छापाखानाको नाम र ठेगाना छापिएको हुनु पर्छ,

(ख) चन्दा रसीद छपाउन पठाउँदा नियम ३ मा उल्लेख भए अनुसारको स्वीकृतिको इजाजतपत्रसमेत साथै पठाउनु पर्छ,

(ग) चन्दा किताबको प्रत्येक पृष्ठमा रहने रसीदका तीन प्रतिहरू अनिवार्य रूपमा छपाउनुपर्ने छ । ती तीन प्रतिहरू मध्ये एक प्रति चन्दा दातालाई, एकप्रति गृह–पञ्चायत मन्त्रालय र एकप्रति चन्दा संकलनकर्ताकहां पठाउनु वा रहनु पर्छ,

(घ) चन्दा संकलनको निमित्त छपाइने रसीदमा दाताले दिने नगदी, जिन्सी भन्ने शब्दहरू छापाखानाबाट छापिएको हुनुपर्छ,

(ङ) चन्दा किताब नेपाल अधिराज्यभित्रको छापाखानामा मात्र छपाउनु पर्छ । विदेशको छापाखानामा छपाउनु परेमा स्पष्ट कारण खोली यसको लागि श्री ५ को सरकारको स्वीकृति लिनु पर्छ,

तर नजिकमा छापाखाना उपलब्ध नभएमा अञ्चलाधीश बाहेक अन्य सम्बन्धित अधिकारीले सोही व्यहोराको लिखित निवेदन स्थानीय अञ्चलाधीश छेउ पेश गरी निजको पूर्व स्वीकृति लिई साइक्लोष्टाइल भएको वा टाइप भएको वा पक्की मसीबाट हस्तलिखित चन्दा रसीदमा निजे वा निजको कार्यालयको निस्सा लगाई चन्दा उठाउन सकिने छ ।

(च) चन्दाको प्रत्येक रसीदमा सम्बन्धित अधिकारीको कार्यालय र निजको हस्ताक्षरको निस्सा लागेको हुनु पर्छ ।

५. चन्दाको स्रेस्ताः– (१) यो नियमावलीबमोजिम उठाइएको वा उठाइने चन्दाको स्रेस्ता श्री ५ को सरकारको सामान्य आर्थिक नियम अनुसार नै राख्नु, राख्न लगाउनु पर्छ ।

(२) उप–नियम (१) बमोजिम राखिएका स्रेस्ताको पनि श्री ५ को सरकारको स्वीकृति बजेट रकम सरह कमसेकम आर्थिक वर्षको एक पटक लेखा परीक्षण गर्नु, गराउनु पर्छ,

(३) यो नियमावलीबमोजिम उठाइएको चन्दा रकमहरू निम्नलिखित तरीकाले सुरक्षित राख्नु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) यो नियमावलीबमोजिम उठाइएको चन्दाको रकम मध्ये नगदको हकमा श्री ५ को सरकारको सामान्य आर्थिक नियम र आदेश अनुसार नजिकको राष्ट्र बैङ्क वा माल वा नेपाल अधिराज्य भित्रको अन्य कुनै बैङ्कमा जम्मा गरी श्री ५ को सरकारको सामान्य आर्थिक नियम र आदेश अनुसार सो बैङ्क बूक (पुस्तिका) र खाता दुवै सञ्चालन गर्नु गराउनु पर्छ,

(ख) जिन्सीसम्बन्धमा नाप-तौलसहितको पूर्ण विवरण तयार गरी हिनामिना हुन नपाउने पूरा प्रबन्ध गरी सुरक्षित राख्नुपर्छ ।

(४) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि उठाइएका चन्दाहरू पनि यो नियमावली प्रारम्भ भएको मितिले १५ दिनभित्र उप-नियम (३) बमोजिम बैङ्क वा मालमा दाखिल गर्नुपर्छ ।

(५) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि उठाइएका चन्दाहरूबाट शुरू गरिएका कामहरू सम्पन्न भइनसकेको जतिमा यो नियमहरूबमोजिम स्रेस्ता राख्न र हिसाब प्रकाशन गर्नु, गराउनु पर्छ ।

(६) चन्दा उठाउँदा के कति संख्यामा रसीदहरू छापिएको छ र रसीदहरूको क्रम संख्या कसरी रहेको छ भन्ने कुराको पूर्ण लगत तयार गर्नुपर्छ र स्वीकृति दिंदा पनि सोबमोजिम रहेको वा रहने लगत पेश गर्नुपर्छ ।

(७) चन्दा रसीद किताब वितरण गर्दा सम्पूर्ण विवरण खोली भरपाई गराएर मात्र वितरण गर्नु, गराउनु पर्छ ।

(८) खोजेको बखत वा हाल साविक हुँदा यो नियमावलीबमोजिम राखिएको स्रेस्ताको पनि बुझबुझारथ चलाउनु पर्छ ।

६. चन्दाको विवरणको प्रकाशनः– यो नियमावलीबमोजिम उठाइएको चन्दाको आम्दानी खर्चको फाँटवारी र सो चन्दाबाट भएको कामको विवरणसमेत हरेक आर्थिक वर्षमा कम से कम दुई पटक प्रकाशित गर्नु गराउनु पर्छ ।

७. चन्दाको संकलनः– (१) सम्पूर्ण विवरणको राम्रो प्रचार गरिकन मात्र चन्दाको संकलन शुरू गर्नुपर्छ ।

(२) यस नियमावलीबमोजिम चन्दा उठाउने व्यक्तिले चन्दा उठाउँदा चन्दा-दाताले दिएको चन्दाको रकमको अङ्क, अक्षर, नाप, तौल आवश्यकतानुसार स्पष्ट खुलाई ३ प्रति रसीदमा लेख्न र दस्तखत गर्नुपर्छ ।

तर शिशाकलम, डटपेन र त्यस्तै अरू उड्ने मसीबाट लेख्न र दस्तखत गर्न हुँदैन ।

५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. <u>चन्दाबाट खर्च :-</u> (१) यो नियमावलीबमोजिम उठाइएका चन्दाको रकम जुन उद्देश्य पूर्ति गर्न उठाइएको हो सोही उद्देश्य पूर्तिमा मात्र खर्च गर्नुपर्छ ।

(२) उप–नियम (१) बमोजिम खर्च गर्ने कार्य सञ्चालन गर्न उप–नियम (३) र (४) बमोजिम एउटा समिति गठन गरी समितिको बहुमतको निर्णयानुसार सामान्यतया श्री ५ को सरकारको सामान्य आर्थिक नियम र सिद्धान्तभित्र रही चन्दाको रकम खर्च गर्नुपर्छ ।

(३) उप–नियम (२) बमोजिमको समिति सम्बन्धित अधिकारीले गठन गर्नुपर्छ ।

(४) समिति गठन गर्ने सम्बन्धित अधिकारी समितिको अध्यक्ष हुने छ र अध्यक्षले तोकेको व्यक्ति समितिको सदस्य सचिव हुने छ । यस्तो समितिमा कम से कम एक तिहाई सदस्य गैर-सरकारी व्यक्ति रहनु पर्छ ।

९. <u>श्री ५ को सरकारको चन्दा र अधिकारः–</u> (१) नियम ३ को उप–नियम (१)को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुनै कामको निमित्त श्री ५ को सरकारले दिएको चन्दा वा अनुदानका हकमासमेत यो नियमावली लागू हुने छ ।

(२) श्री ५ को सरकारले समितिलाई आवश्यकीय निर्देशन दिएमा सो पालन गर्नु समितिको कर्तव्य हुने छ ।

१०. <u>सजायः–</u> यो नियमावलीको कुनै व्यवस्थाका प्रतिकूल काम गर्ने कर्मचारीहरूलाई निजामती सेवा नियमावली, २०२१ बमोजिम सजाय गर्न सकिने छ ।

११. <u>खारेजीः-</u> मधेश गोस्वारा ऐनको दफा १९ र चन्दासम्बन्धी नियमावली, २०२२ खारेज गरिएको छ ।

आज्ञाले--

उपरथी छेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।